# बिन्दबासिनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बहुअवाभाड्ठा,पर्सा
मधेस प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
च.नं.

मिति :-२०८३/०४/०८

**विषय :-चालु आ.व.२०८३/०८४ को लागि (फर्म, निर्माण सेवा, परामर्श सेवा र अन्य), कम्पनी तथा सप्लायर्स सूचीकृत गर्ने सम्बन्धी सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा यस बिन्दबासिनी गाउँपालिकाको कार्यालय तथा गा.पा.अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरुका लागि चालु आ.व.२०८३/०८४ मा आवश्यक पर्ने देहाय बमोजिमका वस्तु तथा सेवाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक नियमावली २०६४ (संशोधन सहित) को परिधिभित्र रही सोझै खरिद (Direct Purchase) वा कोटेशन (Quotations) मार्फत खरिद गर्नका लागि सेवा प्रदायकहरुको मौजुदा सूची (Standing List / Roster) तयार गर्नुपर्ने भएको छ ।

अतः यस स्थानीय तहमा व्यापार/व्यवसाय/निर्माण कार्य गर्न इजाजत प्राप्त इच्छुक, आधिकारिक तथा योग्यता पुगेका फर्म, संस्था वा कम्पनीहरुलाई तोकिको रितपूर्वकको आवेदन कार्यालय समय भित्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**सूचीकृत गरिने कार्य तथा वस्तुहरुको वर्गीकरण (Categories) :**

- समूह कः कार्यालय स्टेशनरी, मसी र छपाई (Flax, Banner, दर्ता, चलानी, डायरी र अन्य) सम्बन्धी कार्य ।
- समूह खः कम्प्यूटर, ल्याप्टप, प्रिन्टर, फोटोकपी मेशिन, ए.सी.आपूर्ति तथा जडान एंव मर्मत सेवा ।
- समूह गः कार्यालय फर्निचर र फिक्चर्स (काठ, प्लाष्टिक, स्टिल तथा फलामका सामग्रीहरु) ।
- समूह घः सवारी साधन (चार पाङ्ग्रे तथा मोटरसाईकल) मर्मत, टायर र ब्याट्री आपूर्ति ।
- समूह ङः विधुतिय सामग्री (ट्यूवलाईट, तार, पंखा तथा अन्य), प्लम्बिङ्ग सामग्री तथा हार्डवेयर आपूर्ति ।
- समूह चः पत्रपत्रिका, आम सञ्चार माध्यम, एफ.एम.रेडियोमा सूचना तथा विज्ञापन प्रकाशन/प्रशारण ।
- समूह छः खाजा, खाना र विविध चियापान व्यवस्थापन (Catering/Hotel Service) ।
- समूह जः भौतिक पूर्वाधार निर्माण कार्य, मर्मत कार्य तथा अन्य कार्यहरु ।
- समूह झः विभिन्न औषधी, औषधी जन्य र मेडिकल सामग्री,कृषि जन्य सामग्री,पशु तथा चौपाया जन्य सामग्री

**आवेदन साथ पेश गर्नुपर्ने अनिवार्य कागजातहरु (प्रमाणित प्रतिलिपीहरु) :**

१. फर्म/कम्पनी/संस्था दर्ता वा नवीकरण भएको प्रमाण पत्र ।
२. सम्बन्धित स्थानीय तह वा आन्तरिक राजश्व कार्यालयमा व्यवसाय दर्ता भएको प्रमाण पत्र ।
३. मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र तथा उधोग दर्ता प्रमाण पत्र ।
४. आर्थिक वर्ष २०८२/०८३ को कर चुक्ता (Tex Clearance Certificate) प्रमाणपत्र ।
५. प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाई स्वः घोषणाको निवेदन ।
६. दस्तुर रु.५००।- यस कार्यालयमा तिरेको रसिद सहित निवेदन पेश गर्ने ।

**शर्तहरु**

- म्याँद नाघेर आएका वा आवश्यक कागजात संलग्न नभएका आवेदनहरु सूचीकृत गरिने छैन ।
- फर्म सूचीकृत हुँदैमा सामान खरिदको पूर्ण ग्यारेन्टी हुने छैन, नियमानुसार प्रतिस्पर्धा गराईने छ ।

मोहम्मद प्रवेज आलम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner